उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल
फोन नं ०४६-६११९२७

पत्र संख्या: २०८३।८४
च.नं ३६६

# विषयविज्ञ सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने सम्बन्धी सूचना।

(प्रकाशित मितिः २०८३/०५/१७)

यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरूमा रिक्त हुने करार शिक्षक, बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको नियुक्ति गर्ने प्रयोजनका लागि शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) नियम ९६(क) उपनियम १ को खण्ड (ग) तथा सोहि नियमको उपनियम ६ बमोजिम विशेषज्ञको सूची सूचीकृत गर्नुपर्ने भएकोले योग्यता पुगेका स्थायी शिक्षकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र देहायका कागजात संलग्न राखी सूचीकृत हुन चाहेको तह र विषय, हाल कार्यरत विद्यालयको नाम र ठेगाना, शिक्षक संकेत नं. र सम्पर्क मोबाइल नं. स्पष्ट खुलाइ निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र.सं. | कागजात |
|---|---|
| १ | निवेदन |
| २ | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि |
| ३ | स्थायी नियुक्ति पत्रको प्रतिलिपि |
| ४ | तालिमको प्रमाणपत्रको प्रतिलिपि |
| ५ | सम्बन्धित तह र विषयमा ५ वर्ष शिक्षण सेवा अनुभवको प्रमाण |
| ६ | बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी तथा आधारभूत तह (कक्षा १-५) का लागि शिक्षा शास्त्र संकायमा स्नातक, आधारभूत तह (कक्षा ६-८) का लागि सम्बन्धित विषय र शिक्षा शास्त्र संकायमा स्नातक र माध्यमिक तहका लागि सम्बन्धित विषय र शिक्षा शास्त्र संकायमा स्नातकोत्तर उत्तीर्ण प्रमाणपत्रका प्रतिलिपि |

पुनश्चः सूचीकृत हुन चाहने विषयविज्ञले शिक्षक सेवा आयोगको पाठ्यक्रम तथा विशिष्टीकरण तालिका बमोजिम प्रश्नपत्र कम्प्युटरमा तयार गर्न सक्ने तथा उत्तरपुस्तिका परीक्षण गर्न सक्ने हुनुपर्नेछ।

२०८३/०५/१६
छावा शेर्पा
अधिकृतस्तर सातौं

बोधार्थः

श्री सूचना तथा संचार प्रविधि शाखाः सूचना गाउँपालिकाको वेबसाइट तथा आधिकारिक फेसबुक पेजमा अपलोड गरी प्रकाशन गरिदिनुहुन ।